वीरेन्द्रनगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ७ संख्या : १७ मिति: २०८२/०३/०४

भाग-२

लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावना

लैङ्गिक हिंसा प्रभावित महिला तथा आश्रित बालबालिकाको स्वास्थ्य, मनोसामाजिक तथा कानुनी सेवा प्राप्त गर्दाको समयसम्म उनीहरुलाई सुरक्षित राखी सामाजिक रुपमा पुनर्स्थापना गराउनु र पारिवारिक एवं सामाजिक पुनर्मिलन गराई स्थानीय सरकारको जिम्मेवारी पूरा गर्ने उद्देश्य साथ वीरेन्द्रनगर नगरपालिकाले स्थापना गरेको सुरक्षित आवास गृहको सञ्चालन र व्यवस्थापन गर्ने सम्वन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (७) बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि वीरेन्द्रनगर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "उप-प्रमुख" भन्नाले वीरेन्द्रनगर नगरपालिकाका उप-प्रमुखलाई सम्झनुपर्दछ।

(ख) "एकद्वार संकट व्वस्थापन केन्द्र" भन्नाले अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका, २०६८ बमोजिम स्थापित केन्द्रलाई सम्झनुपर्दछ।

(ग) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(घ) "कार्यालय" भन्नाले वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(ङ) "कोष" भन्नाले नगरपालिकामा रहेको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्दछ।

(च) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका सुर्खेतलाई सम्झनुपर्दछ।

(छ) "निगरानी समूह" भन्नाले समुदायस्तरमा लैङ्गिक हिंसाको निगरानी गरी रिपोर्टिङ्ग र प्रेषण गर्न गठित समूहलाई सम्झनुपर्दछ।

(ज) "न्यायिक समिति" भन्नाले संविधानको धारा २१७ बमोजिम वीरेन्द्रनगर नगरपालिकाका उप-प्रमुखको संयोजकत्वमा गठित न्यायिक समितिलाई सम्झनुपर्दछ।

(झ) "पुनर्मिलन" भन्नाले हिंसा प्रभावितले सुरक्षित आवासगृहको सेवाका साथै अन्य सेवा समेत लिइसकेपछि समुदाय वा अन्यत्र दीर्घकालका लागि स्थापना गर्ने कार्यलाई सम्झनुपर्दछ।

(ञ) "पुनर्स्थापना" भन्नाले प्रभावितले सुरक्षित आवासगृहको सेवाका साथै अन्य सेवाहरू समेत लिई सकेपछि समुदाय वा अन्यत्र दीर्घकालका लागि स्थापना गर्ने कार्यलाई सम्झनुपर्दछ।

(ट) "प्रभावित" भन्नाले लिङ्गका आधारमा गरिने हिंसाबाट प्रभावित महिला तथा बालबालिकालाई सम्झनुपर्दछ।

(ठ) "प्रवेश बिन्दू" भन्नाले प्रभावित व्यक्ति पहिलोपटक प्रवेश गरेको सेवा प्रदायक निकायलाई सम्झनुपर्दछ।

(ड) "प्रमुख" भन्नाले वीरेन्द्रनगर नगरपालिकाका प्रमुखलाई सम्झनुपर्दछ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ण) "मनोसामाजिक परामर्श" भन्नाले प्रभावितको मानसिक, भावनात्मक, सामाजिक तथा शारीरिक अवस्थामा सुधार ल्याउन गरिने परामर्शलाई सम्झनुपर्दछ।

(त) "संकटासन्न" भन्नाले लैङ्गिक हिंसाको जोखिम उन्मुख रहेको महिला तथा बालबालिकालाई सम्झनु पर्दछ।

(थ) "सञ्जाल" भन्नाले वीरेन्द्रनगर नगरपालिकामा गठित स्थानीय लैङ्गिक हिंसा निवारण सञ्जाललाई सम्झनुपर्दछ।

(द) "समिति" भन्नाले दफा ११ बमोजिम सुरक्षित आवासगृह सञ्चालन तथा व्यवस्थापनका लागि गठित समितिलाई सम्झनु पर्दछ।

(ध) "सरोकारवाला" भन्नाले लैङ्गिक हिंसा अन्त्यका लागि कार्य गरिरहेका र यसका लागि सहयोग प्रदान गर्ने निकाय तथा संघ-संस्था सम्झनुपर्दछ।

(न) "सहयोगी" भन्नाले प्रभावितलाई सेवाका विभिन्न प्रवेश विन्दूसम्म पुग्न मद्दत गर्ने व्यक्तिलाई सम्झनुपर्दछ।

(प) "सामुदायिक मनोसामाजिक कार्यकर्ता" भन्नाले मनोसामाजिक सहयोग सम्बन्धी दश दिने तालिम प्राप्त गरी समुदायमा रही लैंङ्गिक हिंसा प्रभावित व्यक्तिको पहिचान, प्राथमिक मनोसामाजिक सहयोग, लैङ्गिक हिंसा सम्बन्धी सचेतनाको काम गर्ने तथा हिंसा प्रभावितलाई आवश्यकता अनुसार स्वास्थ्य संस्था, प्रहरी, कानुनी सेवा, एकद्धार संकट व्यवस्थापन केन्द्र लगायतका सेवाका साथै सुरक्षित आवासगृहमा प्रेषण गर्ने व्यक्तिलाई सम्झनुपर्दछ।

(फ) "सुरक्षित आवासगृह" भन्नाले लैङ्गिक हिंसा प्रभावित महिला, निजसँग आश्रित वा लैङ्गिक हिंसा प्रभावित बालिका तथा दश वर्षमुनिका बालकलाई सुरक्षित आवास सेवा प्रदान गर्न सञ्चालित सुरक्षित आवास गृहलाई सम्झनुपर्दछ।

३. सुरक्षित आवास गृह स्थापनाको उद्देश्य: सुरक्षित आवास गृह स्थापनाको उद्देश्यहरू देहाय बमोजिमका रहेका छन्:

(क) सुरक्षित र संरक्षित वातावरण प्रदान गर्ने।

(ख) प्रभावितहरूको सेवामा पहुँच बढाउने (आवास, स्वास्थ्य, मनोविमर्श र कानुनी सेवा)।

(ग) न्यायिक समिति, एकद्वार संकट व्यवस्थापन केन्द्र र सरोकारवाला निकायको समन्वयमा रही सामाजिक मूल्य-मान्यता जस्तैः बालविवाह, जबरजस्ति विवाह, दाइजो, यौन तथा प्रजनन स्वास्थ्य, छाउपडी, प्रजनन अधिकार, महिला अधिकार सम्बन्धि शिक्षा तथा जनचेतना अभिवृद्धि गर्ने।

(घ) परिवार र समुदायमा तत्काल पुनर्स्थापित/पुनर्मिलन गराउन नसकिने खालका प्रभावितहरूलाई आवश्यकता अनुसार सीप प्रदान गर्न सम्बन्धित निकायमा क्षमता विकास, लालनपालन र शिक्षा-दिक्षाका लागि पुनर्स्थापित गराउन सहयोग गर्ने।

४. लक्षित समूहः न्यायिक समिति, सामुदायिक मनोसामाजिक कार्यकर्ता, मेलमिलापकर्ता, सहयोगी, प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्र, कार्यालयको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा वा अन्य कुनै निकायबाट सिफारिस भई आएका लैङ्गिक हिंसा

प्रभावित महिला, निजका आश्रित वा लैङ्गिक हिंसा प्रभावित बालिका वा दश वर्षमुनिका बालक।

परिच्छेद-२

मार्गदर्शक सिद्धान्त र सेवा

५. **मार्गदर्शक सिद्धान्त:** सुरक्षित आवासगृह सञ्चालनमा निम्न दृष्टिकोण र आधारभूत मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरिनेछ:

(क) प्रभावित-केन्द्रित दृष्टिकोण: प्रभावित-केन्द्रित दृष्टिकोणले प्रभावितका लागि सहयोगी वातावरण सिर्जना गर्दछ, जहाँ प्रभावितहरूको अधिकार र इच्छाहरूको सम्मान हुन्छ, उनीहरूको सुरक्षाको सुनिश्चितता गरिन्छ र उनीहरूलाई मर्यादा र सम्मानका साथ व्यवहार गरिन्छ। यस दृष्टिकोणका आधारभूत सिद्धान्तहरू देहाय बमोजिम रहेकाछन्:

(१) सुरक्षा र संरक्षण : प्रभावितहरू र उनीहरूमा आश्रित बालबालिकाहरूको सुरक्षा र संरक्षणलाई प्रमुख प्राथमिकता दिनुपर्दछ।

(२) गोपनीयता : प्रभावितहरूले आफ्ना कथा-व्यथा कसलाई भन्ने वा कसलाई नभन्ने भन्ने अधिकार राख्छन्। आवश्यकताका आधारमा सुसूचित सहमति लिएर मात्र उनीहरूका कथा-व्यथा साझा गरिइनु पर्दछ।

(३) आदर : प्रभावितको छनोट, इच्छा, अधिकार र मर्यादाको सम्मान गर्दै सबै कार्यहरू गर्नुपर्दछ। सेवा प्रदायकहरूको भूमिका भनेको प्रभावितको पुनर्स्थापना प्रक्रियालाई सहज बनाउन र आवश्यक सेवाहरू प्रदान गर्नु हो।

(४) भेदभाव-रहित व्यवहार : प्रभावितहरूले उमेर, अपाङ्गता, लैंगिक पहिचान, धर्म, राष्ट्रियता, जातीयता, यौनिक अभिमुखीकरण वा कुनै अन्य पहिचानका आधारमा भेदभावरहित र न्यायसंगत व्यवहार पाउनुपर्छ।

(ख) अधिकारमा आधारित दृष्टिकोण: अधिकारमा आधारित दृष्टिकोणले विभेद र असमानताका जड-कारणहरूको विश्लेषण र सम्बोधन गर्ने लक्ष्य राख्छ। यसले गर्दा सबै व्यक्तिहरू हिंसा, शोषण र दुर्व्यवहारबाट मुक्त भएर मर्यादित र स्वतन्त्र रुपमा जीवन बिताउन सक्छन्। यस दृष्टिकोणलाई मानव अधिकार कानुनका सिद्धान्तहरूसँग अनुकुल बनाएर लागू गरिन्छ।

(ग) समुदाय-आधारित दृष्टिकोण: समुदायमा आधारित दृष्टिकोणले प्रभावितलाई सुरक्षाका रणनीतिहरू विकास गर्ने र मानवीय सहायता प्रदान गर्ने प्रक्रियामा सक्रिय साझेदारका रूपमा संलग्न गराउँछ। यो दृष्टिकोणले विशेष गरी महिला, किशोरी, बालबालिका र संकटासन्न अन्य समूहको प्रत्यक्ष संलग्नतालाई प्राथमिकता दिन्छ, जसले गर्दा उनीहरू नै सुरक्षा चुनौतिहरू पहिचान गर्न र समाधान खोज्न सक्षम हुन्छन्, साथै यसले समुदायमा आधारित सुरक्षा र प्रेषण प्रणालीलाई बलियो बनाउन सकियोस्।

(घ) मानवीय सिद्धान्त: न्यूनतम मापदण्डको कार्यान्वयनका लागि निम्न मानवीय सिद्धान्तहरू अपनाउनु अपरिहार्य हुन्छ:

(१) मानवता: प्रभावितको दु:ख कम गर्ने लक्ष्य हुनुपर्ने।

(२) निष्पक्षता: जातीय, लैङ्गिक, क्षेत्रीय वा अन्य कुनै आधारमा भेदभाव नगरी सहायता प्रदान गर्नुपर्ने।

(३) स्वतन्त्रता : मानवीय कार्य राजनीतिक वा अन्य कुनै बाह्य प्रभावबाट स्वतन्त्र रहनुपर्ने।

(४) तटस्थता : द्वन्द्वका कुनै पनि पक्षको समर्थन नगर्ने।

(ङ) कुनै हानि नगर्ने दृष्टिकोण: कुनै हानि नगर्ने दृष्टिकोणले सेवा प्रदान गर्ने कार्यले प्रभावित तथा आश्रितलाई थप जोखिममा नपार्ने कुराको सुनिश्चितता गर्न मद्दत पुर्याउँछ।

(च) साझेदारीका सिद्धान्तहरू: लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका क्षेत्रमा कार्यरत सबै पक्षले समानता, पारदर्शिता, नतिजा-केन्द्रित दृष्टिकोण, उत्तरदायी र परिपूरकताका आधारमा मापदण्ड तथा आचारसंहिता बनाई लागू गरेमा समुदाय र पालिकास्तरमा प्रभावितप्रति उत्तरदायी भई प्रभावकारी कार्यान्वयन गराउन योगदान पुऱ्याउँछ।

(छ) बालबालिकाको सर्वोत्तम हित: प्रभावित किशोर-किशोरीका लागि उनीहरूको सर्वोत्तम हितलाई मूल्यांकन, निर्धारण, र प्राथमिकता दिनु पर्दछ। उनीहरूलाई असर गर्ने सबै निर्णयमा यसलाई प्रमुख आधार मानिनुपर्छ।

६. **सेवा उपलब्ध गराउनु पर्ने:** सुरक्षित आवासगृहले देहाय बमोजिमको सेवाहरू उपलब्ध गराउनु पर्नेछ:

(क) सुरक्षित आवास सेवा: सुरक्षित आवासगृहमा प्रभावित एवं आश्रितहरूले सफा, सुरक्षित आवास सेवा पाउनेछन्। उनीहरू ४५ दिनसम्म आवास गृहमा बस्न सक्नेछन्। विशेष अवस्थामा समितिको स्वीकृतिपश्चात् समय थप गर्न सकिनेछ। आवश्यकता अनुसार प्रभावितसँग साथमा आएका महिला पनि बढीमा ७ दिनसम्म बस्न सक्नेछन्। समितिले एकद्वार संकट व्यवस्थापन केन्द्र र आवश्यक परे दातृ निकाय वा विशेषज्ञता प्राप्त विज्ञ वा संस्थासँग समन्वय गरी प्रभावितहरू आवासगृहमा लिनुपूर्व घटनाको लेखाजोखा गर्नेछ। सुरक्षित आवासगृहमा निम्नानुसारका न्यूनतम भौतिक सुविधाहरू उपलब्ध गराइनेछ :

(१) कोही छिर्न नसक्ने पर्खाल, कम्पाउण्ड बाल वा तारबार;

(२) अपाङ्गतामैत्री, बालमैत्री तथा महिलामैत्री आवतजावत गर्ने ठाउँ;

(३) उज्याला र हावा खेल्ने कोठाहरू;

(४) एकजना भए प्रतिव्यक्ति ६४ वर्गफिट र दुई वा बढी भए प्रतिव्यक्ति ५० वर्गफिटको कोठा क्षेत्रफल (Room Space);
(५) प्रत्येकका लागि छुट्टाछुट्टै खाट;
(६) प्रभावित बालकका लागि अलग्गै कोठा;
(७) बालबालिकाको लागि खेल सामग्री तथा खेलौना;
(८) भुईंमा उपयुक्त डसना, झ्यालमा पर्दा र राखन-धरन, लेखापढी गर्न आवश्यक फर्निचर;
(९) मनोसामाजिक परामर्श (Psychosocial Counseling) का लागि छुट्टै कक्ष;
(१०) मनोरञ्जन, अन्तरक्रिया र आमोद-प्रमोदका लागि साझा कक्ष (Common Room);
(११) अपाङ्गतामैत्री, बालमैत्री तथा महिलामैत्री शौचालय तथा स्नान कक्ष;
(१२) साझा टेलिफोन र टेलिभिजन;
(१३) पङ्खा, हिटर;
(१४) पर्याप्त पिउने पानी;
(१५) नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, भ्याकुम क्लिनर, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि;
(१६) प्राथमिक उपचार बाकस;
(१७) झटपट-झोला (Go-bag)
(१८) सेनिटरी प्याडको पर्याप्त व्यवस्था र सोको डिस्पोजल गर्ने मेशिन
(१९) अग्नि नियन्त्रण उपकरण र
(२०) सुरक्षाका लागि आवश्यकताअनुसार पालो-पहरा।

(ख) खानेकुरा/भोजन: सुरक्षित आवास गृहमा आश्रितका लागि दिनमा चार पटक खानेकुराको व्यवस्था गरिनेछ। जसको व्यवस्था देहाय बमोजिमको हुनेछः
(१) बिहान चियासँगै हल्का खाजा;
(२) पूर्वान्हको खाना;
(३) उत्तरान्हको खाजासँगै चिया;
(४) रातको खाना;
(५) माँसाहारीका लागि सातामा दुई छाक माछामासु र शाकाहारीको हकमा सोही मूल्य बराबरीको दुध दही तथा फलफुल;
(६) बालबालिका एवम् गर्भवती र सुत्केरी महिलाका लागि स्वास्थ्यकर्मीको सल्लाह अनुसार थप पोषणयुक्त खानेकुराको व्यवस्थापन;
(७) शुद्धीकरण गरिएको खानेपानी।

खानेकुराको परिकार तथा तालिकाको बारेमा संरक्षित व्यक्ति र सुरक्षित आवास गृहका व्यवस्थापकबीच छलफल गरी तय गरिनेछ। उक्त तालिका प्रत्येक तीन महिनामा पुनरावलोकन गर्न सकिनेछ।

(ग) लत्ताकपडा: सुरक्षित आवास गृहमा आउने प्रभावितका लागि आवश्यकता अनुसार लत्ताकपडाको व्यवस्था गरिनेछ।

(घ) स्वास्थ्य सेवा: स्वास्थ्य संस्था वा एकद्वार संकट व्यवस्थापन केन्द्रबाट प्रेषित प्रभावित बाहेक अन्य निकायबाट प्रेषित प्रभावितलाई आएको चौबीस घण्टा भित्र एकद्वार संकट व्यवस्थापन केन्द्र वा नजिकको स्वास्थ्य संस्थामा लिई स्वास्थ्य जाँच गराइनेछ र आवश्यकता अनुसार औषधि उपचार एवं विशेषज्ञ सेवा उपलब्ध गराइनेछ।
(१) बालबालिकाको हकमा उमेर अनुसार लगाउनुपर्ने खोप तथा जुकाको औषधि र भिटामिन ए क्याप्सुल खुवाइनेछ।
(२) क्लिनिकल प्रोटोकल अनुसार प्रयोगशाला परीक्षण एवं उपचार सेवा उपलब्ध गराइनेछ। यस्तो सेवा सुर्खेतमा उपलब्ध हुन नसकेको अवस्थामा सुविधासम्पन्न निकायमा समन्वय गरी यी सेवा उपलब्ध गराइनेछ।
(३) गर्भवती महिलालाई नियमानुसार एवं आवश्यकतानुसार स्वास्थ्य परीक्षण र उपचार सेवा उपलब्ध गराइनेछ।
(४) प्रभावित महिला आवास गृहमा बस्दाबस्दै सुत्केरी हुने अवस्थामा सुरक्षित सुत्केरी सेवाको सुनिश्चितता गरिनेछ।
(५) प्रभावितको एक वर्षभन्दा पहिलादेखिको जीर्ण रोगको भने उपचार गरिने छैन।
(६) आवश्यकता अनुसार स्वास्थ्यकर्मीलाई स्वयसेवकको रुपमा राख्न सकिनेछ।

(ङ) मनोसामाजिक परामर्श सेवा: सुरक्षित आवासगृहमै वा एकद्वार संकट व्यवस्थापन केन्द्र र नगरपालिकाका मनोसामाजिक परामर्शकर्ता मार्फत प्रभावितका लागि निम्न बमोजिमको मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ:
(१) प्रभावितको स्वीकृतिमा प्रभावित आएको पहिलो सातामा एकपटक मनोसामाजिक परामर्श सत्रमा राख्न सकिनेछ।
(२) प्रभावितको मनोसामाजिक अवस्था हेरी आवश्यकताअनुसार मनोसामाजिक परामर्श सत्रमा राखिनेछ।
(३) मनोसामाजिक परामर्श सत्रको अभिलेखीकरण गर्दा प्रभावितको गोपनीयता कायम गर्दै अनिवार्य रुपमा व्यक्तिगत विवरण तयार पारिनेछ ।
(४) प्रभावितको आवश्यकता अनुसार मनोचिकित्सा सेवाका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।
(५) प्रभावितको आवश्यकता अनुसार पारिवारिक तथा सामुहिक मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।

(च) कानुनी सेवा तथा परामर्शको व्यवस्था: प्रभावितको आवश्यकता अनुसार कानुनी सेवा तथा परामर्शका लागि सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गरी सिफारिस गरिनेछ। यसरी प्रदान गरिने सेवाहरू निम्न बमोजिमको हुनेछ :

(१) प्रभावितहरूलाई छिटो न्याय दिलाउन जिल्ला तथा प्रदेशका कानुन कार्यान्वयनका निकायसँग निरन्तर सम्पर्क र समन्वय गरिनेछ।

(२) कानुनी प्रयोजनका लागि आवश्यक पर्ने प्रमाण तथा कागजपत्र संकलन गर्न वा बनाउन सहयोग गरिनेछ।

(छ) मनोरञ्जनात्मक क्रियाकलाप: सुरक्षित आवासगृहले प्रभावित तथा आश्रितको मनोरञ्जनका लागि निम्न बमोजिमको व्यवस्था गरिनेछ:

(१) सुरक्षित आवासगृहले अध्ययनका लागि विभिन्न सूचनामुलक पत्रपत्रिका तथा पुस्तकको व्यवस्था गर्ने।

(२) सामुहिक रुपमा हेर्न मिल्ने गरी प्रभावितका लागि टेलिभिजनको व्यवस्था गर्ने।

(३) प्रभावितका आ-आफ्ना धर्म र संस्कृतिअनुसारका चाडपर्व मनाउने व्यवस्था गर्ने।

(४) वालबालिकाको मनोरञ्जनका लागि उमेर अनुसारका मनोरञ्जन सामग्रीको व्यवस्था गर्ने।

(ज) शिक्षा तथा सीपमुलक तालिम: सुरक्षित आवासगृहमा रहेका प्रभावितका लागि निम्नानुसार शिक्षा तथा सीपमुलक तालिमको व्यवस्था गरिनेछः

(१) लामो समय सुरक्षित आवासमा रहेका प्रभावितलाई दैनिक दुई घन्टा सीपमुलक तालिम प्रदान गरिनेछ। यसका लागि नगरपालिकाद्वारा गोपनीयतालाई पहिलो प्राथमिकता दिँदै छुट्टै तालिम कक्षको व्यवस्था गरिनेछ।

(२) निरक्षर प्रभावितका लागि प्रशिक्षक सहितको दैनिक साक्षरता कक्षा संचालन गरिनेछ। उक्त कक्षा दैनिक दुई घण्टाको हुनेछ। सहभागीको साक्षरता कक्षाको प्रभावकारिता मूल्याङ्कनका लागि पूर्व र उत्तरपरीक्षा गरी त्यसको अभिलेख राखिनेछ।

(३) प्रभावितसँग आश्रित बालबालिका अथवा आफै हिंसामा परेका बालबालिकाको शिक्षा दिक्षाको सुनिश्चितताका लागि विभिन्न निकायसँग साझेदारी गरिनेछ।

(४) नगरपालिकाद्वारा संचालित अन्य सीप तथा क्षमता विकासका कार्यक्रममा हिंसा प्रभावित एवं संकटासन्न महिला तथा किशोरी (विद्यालय बाहिरका) तथा एकल महिलालाई विशेष प्राथमिकता दिइनेछ।

७. **सिफारिस तथा प्रेषण:** देहाय बमोजिमका प्रभावितलाई अन्य सघं-संस्थासँग सहकार्य तथा समन्वय गरी सिफारिस गर्न सकिने छ :

(१) सुरक्षित आवास गृहले प्रभावित तथा आश्रितलाई कहाँ कहाँ सिफारिस गर्न सकिन्छ भनेर संघ संस्थाहरूको स्रोत नक्शाङ्कन गर्नेछ र प्रत्येक बर्ष यस सूचनाको अध्यावधिक गर्नेछ।

(२) लामो समयसम्मको सहयोगको आवश्यकता भएका प्रभावितलाई उक्त सहयोग प्रदान गर्ने संस्थाको पहिचान गरी सिफारिस गरिनेछ।

(३) प्रभावितका आवश्यकता अनुसार स्वास्थ्य सेवा, कानुनी सेवा, मनोचिकित्सा सेवा तथा सीपमूलक तालिमका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

(४) नगरपालिकामा रहेको लैङ्गिक हिंसा निवारण कोषलाई प्रेषण प्रणालीसँग जोड्न सकिनेछ।

८. **पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन:** सुरक्षित आवासगृहमा बसेका प्रभावित तथा आश्रितको अवस्था हेरी देहाय बमोजिम परिवार/समुदायमा पुनर्मिलन तथा पुनर्स्थापना गराइनेछः

(१) सुरक्षित आवास गृहमा रहेका आश्रितका घर परिवारको पहिचान गरी पूर्वपारिवारिक लेखाजोखा पश्चात् पारिवारिक पुनर्मिलन गराइनेछ। पारिवारिक पुनर्मिलन गराउँदा परिवारका सदस्यलाई आवश्यक मनोविमर्श, परामर्श तथा सहजीकरण गरिनेछ।

(२) सुरक्षित आवास गृहमा रहेका प्रभावितलाई आफ्नो घरपरिवार तथा समुदायमा पुनर्स्थापित हुनका लागि उत्प्रेरणा प्रदान गरिनेछ। र उक्त पुनर्स्थापनाका प्रक्रिया प्रभावितको अनुमति लिएर मात्र गरिनेछ।

(३) समितिलाई समुदाय तथा परिवारमा पुनर्स्थापना हुन लागेका प्रभावितलाई जीविकोपार्जन अनुदान दिन वाञ्छनीय लागेका खण्डमा त्यस्तो अनुदान स्वीकत गरी दिन सकिनेछ।

(४) प्रभावितको पुनर्स्थापित जीवनलाई सहज बनाउन सम्भव भएसम्म सम्वन्धित स्थानीय तहसँग सम्पर्क र समन्वय गरिनेछ।

(५) सुरक्षित आवासगृहले पुनर्स्थापितका आवश्यकता अनुसार सहमति लिएर फलोअप गरिनेछ। यी सबै प्रक्रियाको अभिलेखीकरणमा गोपनीयता कायम राख्दै गरिनेछ।

९. **व्यक्तिगत फाईल बन्द:** सुरक्षित आवास गृहमा बस्दै आएका प्रभावितहरूलाई घरपरिवार तथा समुदायमा पुर्नस्थापना गराएपश्चात् निम्न अवस्थामा प्रभावितको व्यक्तिगत फाईल बन्द गरिनेछ:

(१) प्रभावित परिवार तथा समुदायमा पुर्नस्थापित भएमा।

(२) प्रभावितको पारिवारिक अवस्था राम्रो भएको यकिन भएमा।
(व्यक्तिगत फाईल बन्द भएको अभिलेख प्रभावितको व्यक्तिगत फाईलमा नै राखिनेछ।)

१०. **अभिलेखीकरण:** सुरक्षित आवास गृहमा संरक्षित प्रत्येक महिला तथा बालबालिकाहरूको व्यक्तिगत फाईल निर्माण गरिनेछ जसमा निम्नानुसारका अभिलेखहरू अनिवार्य रुपमा राखिनेछः

(१) कुनै निकाय वा संस्थाबाट प्रेषण भई आएको भए सोको पत्र/फाराम
(२) सेवाको लागि सुसूचित सहमति फाराम (गोप्य) (अनुसूची १ बमोजिम)
(३) बसाइ सम्झौता फाराम (अनुसूची २ बमोजिम)
(४) व्यक्तिगत दर्ता फाराम (अनुसूची ३ बमोजिम)
(५) केशको अवस्था लेखाजोखा तथा केश योजना फाराम (अनुसूची ४ बमोजिम)
(६) सुरक्षा तथा संरक्षणको पुनः लेखाजोखा (अनुसूची ५ बमोजिम)
(७) केश मिटिङ्ग टिपोर्ट (अनुसूची ६ बमोजिम)
(८) मनोसामाजिक सत्र टिपोट फाराम (एकद्वार संकट व्यवस्थापन केन्द्रमा भएको भए, फोटोकपि राख्ने) (अनुसूची ७ बमोजिम)
(९) सिफारिस फारम (आवश्यक भएमा) (अनुसूची ८ बमोजिम)
(१०) प्रभावितहरू घर फर्कदा लिईने अन्तरवार्ता (Client Exit Form) फारम/ सेवाग्राही पृष्ठपोषण सर्वेक्षण फाराम (अनुसूची ९ बमोजिम)
(११) डिस्चार्ज फारम (अनुसूची १० बमोजिम)
(१२) केश बन्द फारम (अनुसूची ११ बमोजिम)
(१३) फलोअप फारम (अनुसूची १२ बमोजिम)

परिच्छेद- ३

संगठनात्मक व्यवस्था

११. **संचालन तथा व्यवस्थापन समिति:**

(१) सुरक्षित आवासगृह संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन समिति रहनेछ :

१. नगर प्रमुख	अध्यक्ष
२. नगर उप-प्रमुख	उपाध्यक्ष
३. सामाजिक विकास समितिको संयोजक	सदस्य
४. सुरक्षित आवास रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको वडाका महिला सदस्यहरू मध्ये एक जना	सदस्य
५. प्रमुख प्रशासकीय अधिकृत	सदस्य
६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख	सदस्य
७. जनस्वास्थ्य शाखा प्रमुख	सदस्य
८. जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका शाखाको प्रमुख	सदस्य
९. सुरक्षित आवासका व्यवस्थापक	सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रहरी कार्यालयका, सुरक्षित आवास संचालनको जिम्मेवारी पाएको संस्थाको प्रतिनिधि, लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्यका क्षेत्रमा कार्य गर्ने संस्थाका प्रतिनिधि, महिला अधिकारका क्षेत्रमा सक्रिय रुपमा काम गर्ने नागरिक समाजका प्रतिनिधि, नगरपालिकाका अन्य पदाधिकारी र कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक महिनाको एक पटक बस्नेछ र आवश्यकता अनुसार थप बैठक समेत वस्न सकिनेछ।

(४) समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) अध्यक्षको अनुपस्थितिमा समितिका उपाध्यक्षले बैठकको अध्यक्षता ग्रहण गर्नेछन्।

(६) नगरपालिका आफैले सुरक्षित आवासगृह सञ्चालन तथा व्यवस्थापन गरेमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुखले वा सुरक्षित आवास सञ्चालनको जिम्मेवारी गैरसरकारी संस्थाले पाएको खण्डमा सुरक्षित आवासका व्यवस्थापकले सदस्य सचिवको जिम्मेवारी बहन गर्नेछन्।

१२. **लैङ्गिक हिंसा सुरक्षित आवास सञ्चालन तथा व्यवस्थापन समितिका काम, कर्तव्य र जिम्मेवारीहरू:** लैङ्गिक हिंसा सुरक्षित आवास सञ्चालन तथा व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् साथै समितिको थप जिम्मेवारी अनुसूची १३ बमोजिम हुनेछ:

(क) नीति निर्माण तथा यसको अनुपालन गर्ने;
(ख) रणनीतिक योजना र लक्ष्य निर्धारण गर्ने;
(ग) आर्थिक व्यवस्थापन र स्रोत परिचालन गर्ने;
(घ) कर्मचारी व्यवस्थापन र क्षमता अभिवृद्धि गर्ने;
(ङ) सेवा प्रवाह र गुणस्तर सुनिश्चितता गर्ने;
(च) सुरक्षा, गोपनीयता र जोखिम व्यवस्थापन गर्ने;
(छ) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन पयार पार्ने;
(ज) समुदाय तथा अन्य संघसंस्थाको संलग्नता र सहयोगका लागि पैरवी गर्ने;

(झ) सशक्तिकरण र पुनःस्थापना कार्यक्रमहरू संचालन गर्ने;

(ञ) पारदर्शिता र जवाफदेहिता कायम गर्ने।

१३. **सुरक्षित आवास गृहमा रहने जनशक्ति:**

(१) सुरक्षित आवास गृहमा कम्तिमा देहाय बमोजिमका महिला जनशक्तिहरु कार्यरत रहने छन र आश्रितहरुको संख्याको आधारमा जनशक्ति थपघट हुन सक्नेछन।

(क) व्यवस्थापक (अधिकृत स्तर छैटौं तह) एक जना

(ख) अभिलेख व्यवस्थापन, जिन्सी व्यवस्थापन र लेखा व्यवस्थापनका लागि सहायकस्तर चौंथो/पाँचौ दुई जना

(ग) सरसफाई समेत अन्य कार्यको लागि कार्यालय सहयोगी दुई जना

(घ) भान्से दुईजना

(ङ) सुरक्षाको लागि नगर प्रहरी/सुरक्षाकर्मी तिन जना

(२) उपदफा (१) बमोजिमका जनशक्तिको अतिरिक्त आवास गृहमा आंशिक समयको लागि शिक्षक, चिकित्सक, मनोसामाजिक परामर्शकर्ता, सीपमूलक तालिम प्रशिक्षक आदि जनशक्ति नियुक्त गरी कामकाजमा लगाउन सकिनेछ।

(३) नगरपालिका आफैंले सुरक्षित आवास गृह सञ्चालन गर्ने भएमा उक्त जनशक्ति नगरपालिकाले व्यवस्थापन गर्ने छ र संस्था मार्फत गर्ने भएमा सम्झौता बमोजिम हुनेछ।

सेवा परिच्छेद- ४

संस्था छनौट

१४. **संस्था छनौट:**

(१) स्थानीय आवश्यकता र प्राथमिकता बमोजिम नगरपालिका आफैले पनि सुरक्षित आवास गृह सेवा संचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ तर नगरपालिकाले आवश्यक ठानेमा यस निर्देशिकामा उल्लेख भएका सेवा सुविधा सहित उच्चस्तरको व्यवस्थापन गर्ने गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को अधिनमा रही कुनै गैरसरकारी संस्था छनौट गरी सोही संस्था मार्फत आवास गृहको सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

(२) नगरपालिकाले गैरसरकारी संस्थाको छनौटका लागि अनुसूची १४ बमोजिमको ढाँचामा राष्ट्रिय वा स्थानीयस्तरको पत्रिकामा पन्ध्र दिनको सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नुपर्ने छ।

(३) ईच्छुक गैर सरकारी संस्थाले उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र अनुसूची १५ बमोजिमको ढाँचामा संस्थाको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम कार्यालयमा प्राप्त प्रस्तावहरु छनौटको मापदण्ड अनुसूची १६ बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम छनौट भएको साझेदार गैरसरकारी संस्थासँग अनुसूची १७ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

परिच्छेद- ५

विविध

१६. **द्वन्द्व व्यवस्थापन:** सुरक्षित आवास गृहमा प्रभावितहरूको शान्त, सहज तथा सुरक्षित बसाइका लागि आन्तरिक द्वन्द्व व्यवस्थापनमा विषेश ध्यान दिइनेछ। सुरक्षित आवास गृहमा काम गर्ने कर्मचारीहरू यस कार्यको लागि मुख्य जिम्मेवार हुनेछन्। यसका लागि देहाय बमोजिमका कार्यहरू गरिनेछन्:

(क) सुरक्षित आवास गृहमा कार्यरत कर्मचारीले अनिवार्य रुपमा दिनमा कम्तिमा तीन पटक आवास गृहको परिसरको निरीक्षण गरिनेछ।

(ख) हप्तामा एक पटक अनिवार्य रुपमा सुरक्षित आवास गृहमा बस्ने प्रभावितहरूको बैठक संचालन गरिनेछ।

(ग) यस्तो बैठकमा प्रभावितको केशसँग सम्बन्धित कुराहरू गरिने छैन।

१७. **घटना व्यवस्थापन:** सुरक्षित आवास गृहले प्रभावितको आवश्यकता पहिचान गरी सो अनुसार उनीहरूको घटना व्यवस्थापन गरिनेछ। सुरक्षित आवास गृहले प्रभावित-केन्द्रित पद्दति अनुसार घटना व्यवस्थापन गरिनेछ। प्रभावितको देहाय बमोजिमका चरणहरूद्वारा घटना व्यवस्थापन गरिनेछः

(क) प्रभावित महिलाको पहिचान: एकद्वार संकट व्यवस्थापन केन्द्र र प्रहरीबाट प्रेषित भई आएका लैङ्गिक हिंसा प्रभावितलाई पहिचान (हिंसाको प्रकार) सहित दर्ता गरिनेछ।

(ख) सर्वप्रथम बसाइ सम्झौता फाराम र सुसूचित सहमति फाराम भरेर मात्र केश दर्ता गरिनेछ।

(ग) प्रहरी, स्थानीय तह, सामुदायिक मनोसामाजिक कार्यकर्ताबाट आएका प्रभावितलाई एकद्वार संकट व्यवस्थापन केन्द्रबाट प्रदान गरिने सेवा लिए नलिएको एकीन गरी नलिएको भए एकद्वार संकट व्यवस्थापन केन्द्रमा लिई सेवा प्रदान गरिनेछ र प्रहरीमा जानकारी गराइनेछ।

(घ) तत्कालिन आवश्यकताको सम्बोधनः प्रभावित महिला तथा बालबालिका सुरक्षित आवास गृहमा प्रवेश गरेपश्चात् सुरक्षित आवास गृहका कर्मचारी मार्फत उनीहरूको व्यवहारिक (तत्कालीन) आवश्यकता जस्तैः कपडा, खाना, आवास, आराम, व्यक्तिगत सरसफाई लगायतका आवश्यकतालाई सम्बोधन गरिनेछ।

(ङ) सुरक्षित आवास गृह तथा यसका सेवाका बारेमा अभिमुखीकरणः प्रभावितको तत्कालीन आवश्यकताको सम्बोधन पश्चात, यसले प्रदान गर्ने सेवा, बसाइको क्रममा पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराइनेछ।

(च) प्रभावितसँगको पहिलो बैठकः सुरक्षित आवास गृहका कर्मचारी मार्फत प्रभावितसँग पहिलो बैठक बसिनेछ। यस बैठकमा प्रभावितको घटना व्यवस्थापन सुरक्षित आवास गृह मार्फत हुने अथवा अन्य संघ-संस्थामा सिफारिस गर्नुपर्ने कुराको पहिचान गरिनेछ।

(छ) सुरक्षित आवास गृहमा दर्ताः प्रभावितलाई सुरक्षित आवास गृहमा दर्ता गरिनेछ। उसको घटना विवरणहरू सहित दर्ता फारम पनि भरिनेछ।

(ज) प्रभावितको लेखाजोखाः सुरक्षित आवास गृहका कर्मचारीमार्फत प्रभावितहरूको स्वास्थ्य, मनोसामाजिक, कानुनी, साक्षरता तथा पारिवारिक अवस्थाको लेखाजोखा गरिनेछ।

(झ) योजना निर्माणका लागि प्रभावितसँगको दोस्रो बैठकः प्रभावितहरूको अवस्थाका बारेमा विस्तृत लेखाजोखा गरेपश्चात उक्त लेखाजोखाका आधारमा घटना व्यवस्थापन योजना निर्माणका लागि प्रभावितसँग पुनः तेस्रो पटक बैठक बसिनेछ।

(ञ) घटना व्यवस्थापन योजनाको कार्यन्वयनः प्रभावितसँगको दोस्रो बैठकमा तयार गरेको कार्ययोजना अनुरुपको कार्यन्वयन गरिनेछ।

(ट) प्रभावितसँगको अन्तिम बैठकः यस बैठकमा प्रभावितहरूलाई थप सहयोगको आवश्यक भए नभएको कुरा एकीन गरिनेछ। थप सहयोग चाहिएमा थप प्रक्रिया बढाइने र नचाहिएमा पुनर्मिलन तथा पुनर्स्थापन प्रक्रिया अगाडि बढाइनेछ।

(ठ) प्रभावितको घटना फाईल बन्दः प्रभावितको अवस्था लेखाजोखाका आधारमा निर्माण गरिएको योजना कार्यन्वयन भएको र प्रभावितलाई थप सहयोगको आवश्यकता नरहेको अवस्थामा घटना फाईल बन्द गर्न सकिनेछ।

१८. **प्रभावितसँग भेटघाटः** सुरक्षित आवास गृहद्वारा प्रदान गरिने सेवाका बारेमा जानकारी लिन आउने आगन्तुकहरूका लागि आगन्तुक अनुमति-पत्रमा हस्ताक्षर गराएर मात्र भित्र प्रवेश गर्न दिइनेछ। तर सुरक्षित आवास केन्द्रसँग सम्बन्धित बाहेक अन्यलाई प्रभावितहरूसँग देखभेट गर्न दिइने छैन। प्रभावितका आफन्तका हकमा प्रभावितको अनुमतिमा सुरक्षित आवासगृहका कर्मचारीको रोहबरमा र कार्यालय समयभित्र मात्र भेट्न दिइनेछ।

१९. **बाहिर जाने व्यवस्थाः** अति आवश्यक कामका लागि प्रभावित व्यक्ति बाहिर जानुपर्ने भएमा आवासगृहका कर्मचारीसँगै जानुपर्नेछ।

२०. **अन्तर-पालिका संयन्त्रः** अन्य स्थानीय तहबाट समेत प्रभावित प्रेषण भई आउने भएकाले नगरपालिकाको पहल, जिल्ला समन्वय समितिको समन्वय र कर्णाली प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको सहजीकरणमा जिल्लाका अन्य पालिकासँग समन्वय गरी अन्तर-पालिका संयन्त्रको निर्माण गर्न सकिनेछ।

२१. **खर्च शोधभर्नाः**

(१) अन्य स्थानीय तहका प्रभावितको हकमा सुरक्षित आवास गृहमा बस्दाका अवधिभरको खाना, लत्ताकपडा, मनोसाजिक परामर्श, सीप विकास तथा यातायातमा लागेको खर्च सम्वन्धित स्थानीय तहलाई शोधभर्नाका लागि अनुरोध गरिनेछ।

(२) उपदफा (२) बमोजिम अनुरोधका लागि सम्पर्क गर्दा प्रभावितको गोपनीयता र सुरक्षालाई पहिलो प्राथमिकता दिइनेछ। बेवारिस प्रभावित तथा अन्य जिल्लाका प्रभावितको हकमा सम्बन्धित मन्त्रालय तथा अन्य संघ-संस्थासँगको समन्वयमा समाधान गरिनेछ।

(३) उपदफा (२) बमोजिम शोधभर्नाका लागि अनुरोध गर्दा उक्त स्थानीय तहबाट रकम प्राप्त नभएमा वा एक महिनासम्म पनि अनुरोध पत्रको कुनै प्रतिक्रया नआएमा रकम प्राप्त भएका बखत शोधभर्ना गर्ने गरी कार्यालयबाट समितिको निर्णयानुसार खर्च व्यहोरिने छ।

२२. **प्रतिवेदन पेश गर्नुपर्नेः**

(१) सुरक्षित आवास गृह सञ्चालन गर्ने गैर सरकारी संस्थाले आवास गृहमा भए गरेका काम कारवाहीको सम्वन्धमा अनुसूची १८ बमोजिमको ढाँचामा मासिक रुपमा प्रतिवेदन फाराम (GBVMIS) कार्यालयमा पेश गर्नुपर्ने छ र सो प्रतिवेदन कार्यालयले समिति मार्फत कार्यपालिकामा पेश गर्नेछ।

(२) नगरपालिका आफैंले सुरक्षित आवास गृह सञ्चालन गरेको अवस्थामा उपदफा (१) बमोजिमको प्रतिवेदन त्रैमासिक रुपमा समिति मार्फत कार्यपालिकामा पेश गर्नुपर्ने छ।

२३. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्न कुनै बाधा आएमा सो को बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित हुनेछ।

अनुसूचि-१

दफा १० को उपदफा (२) सँग सम्बन्धित

गोप्य सेवाका लागि सुसूचित सहमति फाराम

यो फारामको उद्देश्य सुरक्षित आवासका व्यवस्थापक वा केशमा काम गर्ने व्यक्ति र प्रभावित बीच भएको कुराकानीलाई दस्तावेजीकरण गर्नु हो। प्रभावितसँगको पहिलो भेटमा गरिने यो कार्यमा सुरक्षित आवासमा रहँदा घटना व्यवस्थापनका सेवाहरू, जस्तै- मनोसामाजिक सेवा, स्वास्थ्य सेवा (परीक्षण लगायत), कानुनी परामर्श, गोपनीयता र गोपनीयताका अपवादहरू, र प्रभावितका अधिकारहरूका बारे प्रारम्भिक भेटघाटमा छलफल गर्नु पर्दछ। यो फाराम केस फाइलमा नराखी अलगै फाइलमा सङ्ग्रहित गर्नुपर्दछ।

म, _____, ले निम्न अनुसार घटना व्यवस्थापन सेवा प्राप्त गर्न अनुमति दिन्छु:

- ☐ संरक्षण तथा सुरक्षा सेवा
- ☐ मनोसामाजिक परामर्श सेवा
- ☐ स्वास्थ्य परीक्षणा तथा मानसिक स्वास्थ्य सेवा
- ☐ कानुनी सहायता सेवा
- ☐ जीविकोपार्जन
- ☐ प्रेषण सेवा (आवश्यक भएमा)
- ☐ अन्य (खुलाउनुहोस् .....

मेरो केशकर्मीको प्राथमिक उद्देश्य मेरो इच्छा अनुसार मेरो सुरक्षा, गरिमा र कल्याणलाई बढावा दिनु हो भन्ने मैले बुझें। मेरो स्थिति मलाई मात्र पूर्ण रूपमा थाहा छ भन्ने कुरा उहाँले बुझ्नुहुन्छ। त्यसैले मेरो आवश्यकता, लक्ष्य र मलाई केमा मद्दत चाहिएको छ भन्ने पहिचान गर्ने प्रक्रियालाई म नै मार्गदर्शन गर्नेछु।

मेरो केशकर्मीलाई म कुन जानकारी साझा गर्न चाहन्छु भन्ने निर्णय गर्ने अधिकार मसँग छ। मैले जानकारी साझा गर्न नचाहेको अवस्थामा उहाँले मलाई दवाव दिनु हुने छैन।

यदि मलाई प्रदान गरिएको सेवाबाट म असन्तुष्ट छु भने, मेरो केशकर्मी वा उनको पर्यवेक्षकसँग कुनै चिन्ता छलफल गर्न वा कुनै पनि समयमा सेवा बन्द गर्ने अधिकार मसँग छ।

मेरा केशकर्मीले मलाई अन्य कुनै सेवामा सिफारिस गर्नु अघि, सिफारिसको उद्देश्य, यसका प्रक्रिया के हुन् र अपेक्षित परिणामहरू के के हुनेछन् भन्ने कुरा बुझाउँदै मेरो सहमति लिनुहुनेछ। मेरो

अनुरोधमा, मेरो केशकर्मीले मलाई सिफारिस गरिएको संस्था/सेवासँग भेट्न साथ दिन सक्नुहुनेछ।

मेरो नाम र मेरो घटनाको जानकारी गोप्य राखिनेछ। तल दिइएका अपवादहरू बाहेक मेरा केशकर्मीले यो जानकारी कसैलाई साझा गर्नुहुने छैन:

१. मेरा केशकर्मीले मेरो घटनासँग सम्बन्धित पर्यवेक्षकबाट मार्गदर्शन लिन सक्नुहुनेछ। मेरो केसकर्मीले मलाई सहयोग गर्न आवश्यक भएमा मात्र जानकारी साझा गर्नुहुनेछ र यसमा मेरो पहिचान गर्न सकिने जानकारी समावेश हुने छैन।

२. यदि मैले आफैंलाई वा अरूलाई शारीरिक क्षति पुर्याउने विचार वा योजना व्यक्त गरेछु भने, मेरो केसकर्मीले मेरो सुरक्षा र मेरो वरिपरिका व्यक्तिहरूको सुरक्षाका लागि कार्यवाही गर्न सक्नुहुनेछ। यस कार्यवाहीमा मेरो स्थिति बारे मेरो समुदायका अरू व्यक्तिहरूसँग कुरा गर्ने कुरा समावेश हुन सक्छ। यदि तत्काल खतराको जोखिम छ भने मेरा केशकर्मीले यस्तो अवस्थामा मेरो सहमति लिनु आवश्यक पर्ने छैन, तर उहाँले गरिएको कार्यवाही बारे मलाई जानकारी दिने प्रयास गर्नुहुनेछ।

प्रभावितको हस्ताक्षर/औंठा छाप:

(वा अभिभावक/संरक्षक यदि प्रभावित १८ वर्ष भन्दा कम उमेरको छ भने)

व्यवस्थापकको कोड: _____ मिति:

प्रभावितको कोड दिनुहोस्

.....

अनुसूचि-२

दफा १० को उपदफा (३) सँग सम्बन्धित

बसाइ सम्झौता फाराम

प्रभावितको कोडः व्यस्थापकको कोडः

घटना दर्ता मिति

सम्झौता सर्तहरु

सुक्षित आवासगृहका तर्फबाट-

(१) खाना, खाजा र बसाइको व्यवस्था गरिनेछ।

(२) प्रभावित-केन्द्रित पद्दति (गोपनीयता, सम्मान, अविभेद, सुरक्षा र संरक्षण) अनुसार प्रभावितको हेरचाह गरिनेछ।

(३) आवश्यकता अनुसार सेवा लिन जाँदा वा बाहिर जाँदा साथ दिइनेछ।

(४) आवश्यकता अनुसार लत्ता-कपडा, साबुन, खानेपानी, नुहाइधुवाइको व्यवस्था गरिनेछ।

(५) आवश्यकता अनुसार सेवाप्रदायक, परिवार, साथी वा विशेष व्यक्तिसँग सम्पर्कका लागि सहयोग गरिनेछ।

(६) आपत्कालिन अवस्थामा स्वास्थ्य तथा सुरक्षाको बन्दोबस्त गरिनेछ।

प्रभावितका तर्फबाट-

(१) सुरक्षित आवासमा शान्त वातावरणमा बसोवास गर्नेछु।

(२) अरु वा आफूलाई नोक्सान पुर्याउने कार्य गर्ने छैन।

(३) आफ्नो बिछयौना मिलाइर राख्नेछु।

(४) नसक्ने अवस्था बाहेक आफ्ना लत्ता-कपडा आफै धुनेछु।

(५) नसक्ने अवस्था बाहेक आफूले खाएका भाँडा-बर्तन आफै माझ्नेछु।

(६) नियमित व्यायाम वा प्रणायाम गर्नेछु।

(७) सुरक्षित आवासका कर्मचारीको अनुमति बेगर कसैलाई फोन सम्पर्क गर्ने छैन।

(८) सुरक्षित आवासका कर्मचारीको अनुमति बेगर कसैलाई सुरक्षित आवासका बारेमा भन्ने छैन र बोलाउने पनि छैन।

सुरक्षित आवासका तर्फबाट हस्ताक्षर प्रभावित/अविभावक/सहयोगीको हस्ताक्षर

अनुसूचि-३

दफा १० को उपदफा (४) सँग सम्बन्धित

व्यक्तिगत दर्ता फाराम

प्रभावितको कोडः दर्ता मितिः		व्यवस्थापकको कोडः	
१.	प्रेषित भई आएको निकायः		
२.	हिंसाको प्रकारः		
३.	हिंसाको आवृति (पटक):		
४.	पीडकसँगको सम्वन्धः		
५.	मनोसामाजिक परामर्श लिएको वा नलिएको:		
६.	साथमा भएका वहुमुल्य सामानहरूः		
७.	साथमा भएका लत्ता-कपडाहरूः		
८.	साथमा सहयोगी भए नभएको:		
९.	आवश्यक पर्ने संभावित सेवाहरूः		
	दर्ता गर्ने व्यक्तिको नामः हस्ताक्षरः		

अनुसूचि- ४

दफा १० को उपदफा (५) सँग सम्बन्धित

केश कार्ययोजना

कार्य बिन्दु/लक्ष्य	कहाँ	कहिले

प्रभावितको कोड:

कोड:

व्यवस्थापकको

मिति:

कार्य योजना तयार पार्नेको हस्ताक्षर

प्रभावित/सहयोगी/अविभावकको हस्ताक्षर

अनुसूचि-५

दफा १० को उपदफा (६) सँग सम्बन्धित

सुरक्षा र संरक्षणको पुन: लेखाजोखा

	छ	छैन	खुलाउनुहोस्	गर्नुपर्ने थप कार्य योजना
के प्रभावितका लागि घरमा पुन: हिंसा हुने सम्भावना छ ?				
के प्रभावितका लागि नयाँ अथवा भएका हिंसाले समुदायस्तरमा प्रभाव पार्न सम्भावना छ ?				

अन्तिम लेखाजोखा

	छ	छैन	खुलाउनुहोस्	गर्नुपर्ने थप कार्य योजना
क. सुरक्षा र संरक्षणको अवस्था स्थिर छ प्रभावित सुरक्षित र संरक्षित छ वा थप सुरक्षा र संरक्षणको व्यवस्था गरिएको छ।				
ख. स्वास्थ्यक अवस्था स्थिर छ प्रभावितलाई थप स्वास्थ्य उपचारको आवश्यकता पर्दैन				
ग. मनोसामाजिक अवस्थामा सुधार आएको छ प्रभावितले सामान्य अवस्थाको व्यवहार देखाइरहेको छ।				
घ. न्यासम्पादनको कार्य सम्पन्न भयो/प्रगति उन्मुख छ				
ङ. अन्य गतिविधिको आवश्यकता पर्छ कि				

तय गरिएको फलो-अप बैठक (मिति, समय र स्थान):

अनुसूचि- ८

दफा १० को उपदफा (९) सँग सम्बन्धित

सिफारिस फाराम

व्यवस्थापकको कोड: प्रभावितको उमेर: प्रभावितको कोड: सिफारिस गरिएको सेवा केन्द्रको नाम: सिफारिस गर्ने सुरक्षित आवासको नाम:
यस सुरक्षित आवासमा रहनुभएका ..... हिंसाबाट प्रभावित उपर्युक्त कोडका प्रभावितलाई ..... सेवाका लागि गोपनीयता, मर्यादा, आत्मनिर्णय, अविभेदको नीति अपनाउँदै त्यस ..... मा प्रेषण गरिएको छ। सेवा प्रक्रियाको अध्यावधिक जानकारी गराउनुहुनेछ भन्ने कुरामा विश्वस्त छौं।
प्रभावितको साथमा रहेका व्यक्तिको प्रभावितसँगको नाता सम्बन्ध: प्रभावितको यातायात तथा अन्य खर्च व्यहोर्ने संस्थाको नाम: सहयोगीको यातायात तथा अन्य खर्च व्यहोर्ने संस्थाको नाम: प्रेषण प्रक्रियामा लाग्ने चनुमानित खर्च रु:
प्रेषण गर्नेको कोड र हस्ताक्षर: सुसूरित सहमति सहित प्रभावितको हस्ताक्षर

अनुसूचि-९

दफा १० को उपदफा (१०) सँग सम्बन्धित

सेवाग्राही पृष्ठभूमि सर्वेक्षण फाराम

तपाईंका बारेमा

यदि तपाईं प्रभावित हो भने-

- ☐ म १३-१८ वर्षको उमेर समूहमा पर्छु
- ☐ म १९-२४ वर्ष को उमेर समूहमा पर्छु
- ☐ म २५-४९ वर्ष को उमेर समूहमा पर्छु
- ☐ म ५० वर्षदेखि माथिको उमेर समूहमा पर्छु

यदि तपाईं सहयोगी अथवा अविभावक हो भने-

- ☐ बच्चा ०-५ वर्षको उमेर समूहमा पर्छ
- ☐ बच्चा ६-९ वर्षको उमेर समूहमा पर्छ
- ☐ बच्चा ९-१२ वर्षको उमेर समूहमा पर्छ

१. सुरक्षित आवासगृहका बारेमा तपाईले कसरी थाहा पाउनु भयो ?

- ☐ पति वा परिवारका सदस्यबाट
- ☐ एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट प्रेषण
- ☐ प्रहरीबाट प्रेषण
- ☐ छिमेकी वा समुदायबाट
- ☐ पर्चा पडेर
- ☐ अन्य (कृपया खुलाउनुहोस्)

२. के सुरक्षित आवास सहजै पत्ता पगाउनु भयो ?

- ☐ हो
- ☐ होइन
- ☐ लागु नहुने

३. के सेवा स्वागत योग्य थियो ?

- ☐ थियो
- ☐ थिएन

४. के तपाईले सोचे अनुसारको सेवा पाउनु भयो ?
- ☐ पाएँ
- ☐ पाइन
- ☐ सोचेभन्दा राम्रो पाएँ

५. के तपाईलाई आवश्यक परेका बेला सेवा पाउनु भयो ?
- ☐ पाएँ
- ☐ पाइन

६. के तपाईसँग कुराकानी गर्ने कर्मचारीले तपाईका कुरा राम्ररी बुझेजस्तो लाग्छ ?
- ☐ लाग्छ
- ☐ लाग्दैन

७. तपाईका समस्या बुझ्न एउटै व्यक्तिले कुरा गर्नु हुन्थ्यो को भिन्न भिन्नले ?
- ☐ एक जनाले
- ☐ दुई जनाले
- ☐ धेरैले

८. के तपाईंर तपाईको केशका बारेमा गोपनीयता कायम गरेजस्तो लाग्छ ?
- ☐ गर्नुभएको छ
- ☐ गरे जस्तो लागेन
- ☐ केही भन्न चाहन्न

९. के तपाईलाई कर्मचारीहरूले के के सुविधाहरू पाइन्छन्, कहाँ कहाँ पाइन्छन् र कहिले ती सेवा लिनु पर्दछ भन्ने कुरा स्पष्टसँग भन्नु भएको थियो ?
- ☐ थियो
- ☐ थिएन
- ☐ भन्न चाहन्न

१०. के तपाईसँग आफ्नो सहयोगी नभएका बेला अन्य विभिन्न ठाउँको सेवा लिँदा सुरक्षित आवासका कर्मचारी सँगै हुन्थे ?
- ☐ हुन्थे
- ☐ हुन्थेनन्

- ☐ कहिलेकाहीँ हुन्थे

११. के तपाईले भनेका कुरा कर्मचारीले सहजै बुझेजस्तो लाग्छ ?
- ☐ लाग्छ
- ☐ लाग्दैन
- ☐ कुनै कुरा नबुझेजस्तो लाग्छ

१२. के कर्मचारीहरू मिलनसार थिए ?
- ☐ थिए
- ☐ थिएनन्

१३. के तपाईलाई कर्मचारीसमक्ष आफ्ना कुरा राख्न हिच्किचाहट हुन्थ्यो ?
- ☐ हुन्थेन
- ☐ हुन्थ्यो
- ☐ अलि अलि हुच्किचाहट हुन्थ्यो।

१४. के कर्मचारीले बोल्ने भाषा तपाईं सहजै बुझ्नु हुन्थ्यो ?
- ☐ हो
- ☐ होइन

१५. के कर्मचारीहरूले तपाईलाई आफ्ना कुरा तपाईंकै शब्दमा व्यक्त गर्न दिन्थे ?
- ☐ हो
- ☐ होइन

१६. बस्ने ठाउँ सरसफाइ, सुरक्षा तथा गोपनीयताका दृष्टिकोणले उपयुक्त थियो ?
- ☐ थियो
- ☐ थिएन

१७. सुरक्षित आवासको वातावरण कस्तो थियो ?
- ☐ शान्त
- ☐ होहल्लापूर्ण

१८. के खाना तथा खाजाको गुणस्तर तपाईंको रुचि अनुसारको थियो ?

- ☐ थियो
- ☐ थिएन
- ☐ थिएन भने खुलाउनुहोस् _____

१९. के अहिले तपाईंले पहिलाभन्दा राम्रो अनुभव गरिरहनु भएको छ ?

- ☐ छु
- ☐ केही राम्रो अनुभव गरिरहेको छु
- ☐ छैन (खुलाउनुहोस्) _____

२०. लैङ्गिक हिंसामा परेका आफ्ना साथी, परिवारका सदस्य र अन्यलाई यो सेवा लिन सिफारिस गर्नुहुन्छ ?

- ☐ गर्छु
- ☐ गर्दिन
- ☐ थाहा छैन

२१. कुनै मत्वपूर्ण कुरा भन्न छुटिको भए भन्नुहोस् ।

अनुसूचि- १०

दफा १० को उपदफा (११) सँग सम्बन्धित

डिस्चार्ज फाराम

व्यवस्थापकको कोड:		केश दर्ता भएको मिति:		
प्रभावितको कोड:		केश बन्द भएको मिति:		
सुरक्षित आवास गृहमा रहँदा प्रभावितले लिएका सेवाहरू				
१.	मनोसामाजिक परामर्श सेवा			
२.	स्वास्थ्य सेवा			
३.	मेडिकोलेगल परीक्षण			
४.	मानसिक स्वास्थ्य परीक्षण सेवा			
५.	कानुनी सेवा			
६.	अन्य सेवा (खुलाउनुहोस्)			
प्रभावितको हालको अवस्था		**राम्रो**	**सुधारोन्मुख**	**पहिलेजस्तै**
१.	प्रभावित तथा परिवारको सुरक्षा			
२.	स्वास्थ्य			
३.	मनोसामाजिक			
४.	मानसिक स्वास्थ्य			
५.	अन्य (खुलाउनुहोस्)			
डिस्चार्ज गर्दाको टिप्पणी				
फलोअप मिति:				
डिस्चार्ज गर्ने व्यक्तिको हस्ताक्षर:		प्रभावित/अविभावकको हस्ताक्षर:		

अनुसूचि-११
दफा १० को उपदफा (१२) सँग सम्बन्धित
केश बन्द फाराम

व्यवस्थापकको कोड:

केश बन्द
केश बन्द गर्नाको कारण: केश बन्द गर्नुको कारण संक्षेपमा लेख्नुहोस्। योजना अनुसार प्रभावितको अवस्थामा के कस्तो सुधार भएको छ उल्लेख गर्नुहोस्। यदि आवश्यक भएमा सेवाको निरन्तरता दिनुपर्ने, त्यसका लागि कहाँ प्रेषण गर्नुपर्ने हो, सो उल्लेख गर्नुहोस्।
केश बन्द चेकलिस्ट
सुरक्षा योजना पुनरावलोकन गरी दुरुस्त गरिएको छ____छै (खुलाउनुहोस्)_____ प्रभावितलाई पुन: सेवाको आवश्यकता परेमा आउन सक्ने कुराको जानकारी गराइएको छ____छै (खुलाउनुहोस्)_____ व्यवस्थापकबाट केश बन्द योजनाको पुनरावलोकन भएको छ (अन्यबाट केश बन्द गरेको) छ ____ छैन (खुलाउनुहोस्) अन्य कुरा केही भए यहाँ खुलाउनुहोस्: केश बन्द गर्ने व्यक्तिको नाम र हस्ताक्षर: _____ **Supervisor Signature/Date:** _____

अनुसूचि-१२
दफा १० को उपदफा (१३) सँग सम्बन्धित
केश फलो-अप फाराम

प्रभावितको कोड :

व्यवस्थापकको कोड:

मिति:

लक्ष्यतर्फ भएको प्रगति			
केश कार्य योजना अनुसार प्रगति भए नभएको यकिन गर्नुहोस्	भयो	भएन	खुलाउनुहोस्
सुरक्षा तथा संरक्षण			
स्वास्थ्य सेवा			
मनोसामाजिक सहयोग			
न्यायमा पहुँच			
अन्य सेवा			
व्यवस्थापक/केश कार्यकर्ताको टिप्पणी :			

अनुसूचि-१३

दफा १२ सँग सम्बन्धित

सुरक्षित आवास संचालन तथा व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार

नीति निर्माण तथा यसको अनुपालन गर्ने :	
१	सुरक्षित आवास सञ्चालनका लागि नीति तथा प्रक्रियाहरू निरमाण गर्ने र अद्यावधिक गर्ने, गराउने ।
२	लैङ्गिक हिंसा तथा आवास व्यवस्थापन सम्बन्धी स्थानीय, प्रादेशिक तथा संघीय कानून, कार्यविधि तथा निर्देशिकाहरूको अनुपालना सुनिश्चित गर्ने ।
३	सुरक्षित आवास सञ्चालनका लागि नीति तथा प्रक्रियाहरू निरमाण गर्ने र अद्यावधिक गर्ने, गराउने ।
रणनीतिक योजना र लक्ष्य निर्धारण गर्ने :	
४	सुरक्षित आवासका लागि दीर्घकालीन लक्ष्य र उद्देश्यहरू निर्धारण गर्ने ।
५	सुरक्षित आवासका गतिविधिहरूलाई वार्षिक र आवधिक योजनामा समावेश गर्न पैरवी गर्ने ।
६	प्रभावितहरूको सेवामा सुधार ल्याउने रणनीति तय गर्ने ।
आर्थिक व्यवस्थापन र स्रोत परिचालन गर्ने :	
७	अनुदान, दान, र साझेदारी सहितका वित्तीय स्रोतहरू पहिचान गर्ने र सुरक्षित गर्ने ।
८	सुरक्षित आवासका लागि बजेट विनियोजनको सुनिश्चितता गर्न योजना र बजेटिङ प्रक्रियामा पैरवी गर्ने ।
कर्मचारी व्यवस्थापन र क्षमता अभिवृद्धि गर्ने :	
९	सुरक्षित आवासका कर्मचारीको छनोट र सुपरिवेक्षणमा सहयोग गर्ने ।
१०	प्रभावितहरूलाई प्रभावकारी सहयोग पुऱ्याउन कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।
सेवा प्रवाह र गुणस्तर सुनिश्चितता गर्ने :	
११	सुरक्षित आवास, परामर्श, कानूनी सहायता, स्वास्थ्य सेवा र मनो-सामाजिक सहयोग सहितका समग्र सेवाहरू सुनिश्चित गर्ने ।
१२	सेवाको गुणस्तरलाई सन्तुष्टि सर्वेक्षणमार्फत अनुगमन गर्ने र सेवामा आवश्यक सुधारहरू गर्ने ।
सुरक्षा, गोपनीयता र जोखिम व्यवस्थापन गर्ने :	
१३	प्रभावितहरूको सुरक्षा र गोपनीयता सुनिश्चित गर्ने प्रोटोकलहरू विकास गर्ने र कार्यान्वयन गर्ने ।
१४	नियमित रूपमा जोखिम मूल्यांकन गर्ने र सुरक्षाका उपायहरू लागू गर्ने ।

१५	आपतकालीन वा गम्भीर घटनाहरूको व्यवस्थापनका लागि संकट व्यवस्थापन योजना निरमाण गर्ने र कार्यान्वयन गर्ने ।
अनुगमन, मूल्यांकन तथा प्रतिवेदन पयार पार्ने :	
१६	सुरक्षित आवासका सेवाहरूको प्रभावकारिता मूल्यांकन गर्ने र मूल्यांकन संरचना विकास गर्ने ।
१७	नीति निर्माण र सेवा प्रवाहमा सुधार ल्याउन तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने ।
१८	आवश्यकता अनेसार प्रतिवेदन तयार पारी दातृ निकायहरू र सम्वन्धित सरकारी निकायहरूमा पेश गर्ने ।
समुदाय तथा अन्य संघसंस्थाको संलग्नता र सहयोगका लागि पैरवी गर्ने :	
१९	समुदायमा-आधारित संस्थाहरू, सरकारी निकायहरू र अन्य साझेदार संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने ।
२०	लैङ्गिक हिंसा प्रभावितहरूको अधिकारका लागि पैरवी गर्ने र लैङ्गिक समानता तथा महिलामाथि हुने हिंसाबारे जनचेतना अभिवृद्धि गर्ने ।
२१	जिल्ला भित्र र बाहिरका सुरक्षित आवास सेवा प्रदायकहरू तथा लैंगिक हिंसा सेवा प्रदायकहरूसँग समन्वय गर्ने, रेफरल प्रणालीमा सहयोग प्राप्त गर्ने र उत्तम अभ्यासहरू साझा गर्ने ।
सशक्तिकरण र पुनःस्थापना कार्यक्रमहरू संचालन गर्ने :	
२२	प्रभावितहरूलाई शिक्षा, व्यावसायिक तालिम र आर्थिक सशक्तिकरणका अवसरहरू प्रदान गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने ।
२३	प्रभावितहरूले आफ्नो भविष्यबारे सुसूचित निर्णय लिन सकुन् भन्नका लागि आवश्यक जानकारी र स्रोतहरूमा पहुँच सुनिश्चित गर्ने ।
पारदर्शिता र जवाफदेहिता कायम गर्ने :	
२४	प्रभावितहरूको गोपनीयतासँग सम्बन्धित भएको बाहेक, सबै गतिविधिहरूमा पारदर्शिता र जवाफदेहिता कायम गर्ने ।

अनुसूची – १४

दफा १४ को उपदफा (२) संग सम्बन्धित

वीरेन्द्रनगर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

वीरेन्द्रनगर, सुर्खेत।

लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षित आवास गृह सञ्चालन गर्न साझेदार संस्था छनौटका लागि प्रस्ताव आव्हान गरिएको सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना।

जिल्ला सुर्खेत वीरेन्द्रनेगर नगरपालिका क्षेत्रमा रहेका लक्षित समूह, न्यायिक समिति, सामुदायिक मनोसामाजिक कार्यकर्ता, मेलमिलापकर्ता, सहयोगी, प्रहरी र एकद्वार संकट व्यवस्थापन केन्द्रबाट सिफारिस भई आएका लैङ्गिक हिंसा प्रभावित महिला, निजका आश्रित वा लैङ्गिक हिंसा प्रभावित बालबालिका वा दश वर्ष मुनिका बालकको संरक्षण गर्न ..... वर्ष सम्मको लागि साझेदार संस्था मार्फत सुरक्षित अवास गृह सञ्चालन गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची ..... बमोजिमको ढाँचामा संलग्न कागजात सहित प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ। लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ वीरेन्द्रनगर नगरपालिकाको वेबसाइट (www.birendranagarmun.gov.np) वा महिला बालबालिका शाखाबाट प्राप्त गर्न सकिनेछ।

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरुः

(क) संस्था दर्ता प्रमाणपत्र नवीकरण सहित

(ख) संस्थाको प्रोफाईल

(ग) करचुक्ता प्रमाणपत्र

(घ) लेखा परीक्षण प्रतिवेदन विगत ३ वर्षको

(ङ) अनुसूचि १६ बमोजिमका प्रमाण खुल्ने आवश्यक कागजातहरु

अनुसूची – १५

दफा १४ को उपदफा (३) संग सम्बन्धित

निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,

वीरेन्द्रनगर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

वीरेन्द्रनगर, सुर्खेत।

विषयः प्रस्तावना पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ वीरेन्द्रनगर नगरपालिकाबाट मिति..... मा लैङ्गिक हिंसा प्रभावितकालागि सुरक्षित आवास गृह सञ्चालनका लागि प्रस्ताव आव्हान गरिएको हुँदा सोही अनुसार तोकिएको म्याद भित्र देहायको विवरण सहित प्रस्तावना पत्र यसै साथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ।

१. प्रस्तावक संस्थाको नामः

२. ठेगानाः

३ सम्पर्क व्यक्तिः. सम्पर्क नं.

ईमेलः

४. संस्था दर्ता नं

५. दर्ता गरिएको निकायः नविकरण मितिः

६. संस्थाको सम्बन्धित कामको अनुभवः

७. संस्थाको क्षमताः

क. भौतिक पूर्वाधार *भवन बाहेक)

ख. मानव संसाधन

ग. आर्थिक क्षमता तथा विगत ३ वर्षको आम्दानी खर्चको विवरण लेखा परिक्षण प्रतिवेदन सहित

घ. सुरक्षित आवास गृह सञ्चालनको अनुभव

८. संस्था ले सुरक्षित आवास गृह राख्न चाहेको लक्षित समूह

निवेदकः

नाम थरः

पदः

संस्थाः

अनुसूचि-१६

दफा १४ को उपदफा (४) संग सम्बन्धित

सुरक्षित आवास गृह सञ्चालनका लागि संस्था छनौटका मापदण्डहरू

(क) प्राविधिक मूल्याङ्कन ५० अंक

क्र सं	सूचक	विस्तृतीकरण	अंक
१	भौगोलिक अवस्थिति (दश अंक)	नगरपालिका भित्र सुरक्षित आवास गृह सञ्चालन गरेको भए	१०
		नगरपालिका बाहेक सुर्खेत जिल्लाभित्र भए	७
		सुर्खेत जिल्ला बाहेक कर्णाली प्रदेशभित्र भए	४
		अन्य प्रदेशमा भए	१
२	सुरक्षित आवास गृह सञ्चालन गरेको अनुभव (दश अंक)	पन्ध्र वर्षभन्दा वढी कार्य अनुभव भएको भए	१०
		पन्ध्र वर्षसम्म कार्य अनुभव भएको भए	७
		दश वर्षसम्म कार्य अनुभव भएको	४
		पाँच वर्षसम्म कार्य अनुभव भएको भए	१
३	कर्मचारी व्यवस्थापन (पाँच अंक)	दफा १३ को उपदफा (१) र (२) बमोजिम सवै कर्मचारी व्यवस्थापन गर्न सक्ने	५
		दफा १३ को उपदफा (१) बमोजिमका मात्र कर्मचारी व्यवस्थापन गर्न सक्ने	३
		दफा १३ को उपदफा (१) बमोजिमका आधा मात्र कर्मचारी व्यवस्थापन गर्न सक्ने	१
४	सञ्चालित आवास गृहबाट सेवा प्राप्त गर्ने लैङ्गिक हिंसा पीडित (पाँच अंक)	गृहबाट पछिल्लो एक वर्षमा सेवा लिने लैङ्गिक हिंसा पीडितको संख्या एकसय जनाभन्दा वढी भएमा	५
		गृहबाट पछिल्लो एक वर्षमा सेवा लिने लैङ्गिक हिंसा पीडितको संख्या एकसय जनासम्म भएमा	३
		गृहबाट पछिल्लो एक वर्षमा सेवा लिने लैङ्गिक हिंसा पीडितको संख्या पचास जनासम्म भएमा	१
५	सञ्चालित आवास गृहबाट सेवा प्राप्त गर्ने लैङ्गिक हिंसा पीडित (नगरपालिकाका स्थायी बासिन्दा) (पाँच अंक)	गृहबाट पछिल्लो एक वर्षमा सेवा लिने नगरबासी लैङ्गिक हिंसा पीडितको संख्या तिस जनासम्म भएमा	३
		गृहबाट पछिल्लो एक वर्षमा सेवा लिने नगरबासी लैङ्गिक हिंसा पीडितको संख्या विस जनासम्म भएमा	१
६	जोखिम व्यवस्थापन (पाँच अंक)	प्रभावित र कर्मचारीको शारीरिक सुरक्षाका लागि नियम तर्जुमा गरी लागू गरेको	५
		प्रभावित र कर्मचारीको शारीरिक सुरक्षाका लागि नियम तर्जुमा गरेको तर आंशिक रुपमा लागू गरेको	३
		प्रभावित र कर्मचारीको शारीरिक सुरक्षाका लागि नियम तर्जुमा नगरेको	१
७	न्याय प्रणालीमा सहज पहुँचका लागि पैरवी वा परामर्श (पाँच अंक)	पछिल्लो दुई वर्षमा कम्तिमा तिस जनाभन्दा बढीलाई कानूनी परामर्श सेवा उपलब्ध गराएको	५
		पछिल्लो दुई वर्षमा कम्तिमा तिस जनासम्म लाई कानूनी परामर्श सेवा उपलब्ध गराएको	३
		पछिल्लो दुई वर्षमा कम्तिमा विस जनासम्म लाई कानूनी परामर्श सेवा उपलब्ध गराएको	१
८	मनोसामाजिक परामर्श (पाँच अंक)	पछिल्लो दुई वर्षमा कम्तिमा तिस जनाभन्दा वढीलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराएको	५
		पछिल्लो दुई वर्षमा कम्तिमा तिस जनासम्म लाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराएको	३
		पछिल्लो दुई वर्षमा कम्तिमा विस जनासम्म लाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराएको	१

(ख) आर्थिक मूल्याङ्कन ५० अंक

क्र सं	सूचक	अंक
१	संस्थाले सुरक्षित आवास गृह सञ्चालनमा लाग्ने पचहत्तर प्रतिशत भन्दा वढी खर्च व्यहोर्ने भएमा	५०
२	संस्थाले सुरक्षित आवास गृह सञ्चालनमा लाग्ने पचास प्रतिशत भन्दा वढी खर्च व्यहोर्ने भएमा	४०
३	संस्थाले सुरक्षित आवास गृह सञ्चालनमा लाग्ने पच्चीस प्रतिशत भन्दा वढी खर्च व्यहोर्ने भएमा	३०
४	संस्थाले सुरक्षित आवास गृह सञ्चालनमा लाग्ने पच्चीस प्रतिशत भन्दा कम खर्च व्यहोर्ने भएमा	२०
५	संस्थाले सुरक्षित आवास गृह सञ्चालनमा लाग्ने खर्च नव्यहोर्ने भएमा	१०

कूल जम्मा १०० अंक

अनुसूचि-१७

दफा १४ को उपदफा (५) संग सम्बन्धित

साझेदार संघ संस्थासंग गर्ने सम्झौताको ढाँचा

वीरेन्द्रनगर नगरपालिका र ..... संस्थाबीच सुरक्षित आवास गृह सञ्चालन गर्ने र गराउने पत्र सम्बन्धमा गरिएको सम्झौता

संरक्षणको आवश्यकता महशुस गरिएका लक्षित वर्ग लैङ्गिक हिंसा प्रभावित महिला, निजका आश्रित वा लैङ्गिक हिंसा प्रभावित बालबालिका वा दश वर्ष मुनिका बालकको तत्कालिन आश्रय र संरक्षण प्रयोजनका लागि वीरेन्द्रनगर नगरपालिका (यस पछि पहिलो पक्ष भनिनेछ) सेवा प्रदायक संघ संस्था (यस पछिको द्रोस्रो पक्ष भनिनेछ) बीचच देहायको शर्तको अधिनमा रही वडा नं ८ अवस्थित वीरेन्द्रनगर नगरपालिकाको स्वामित्वमा रहेको सुरक्षित आवास गृह सञ्चालन गर्न गराउन सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक प्रति बुझि लियौं दियौं ।

(क) **कार्यक्रमः** लक्षित वर्ग लैङ्गिक हिंसा प्रभावित महिला, निजका आश्रित वा लैङ्गिक हिंसा प्रभावित बालबालिका वा दश वर्ष मुनिका बालकको तत्कालिन आश्रय र संरक्षण प्रयोजनका लागि सुरक्षित आवास गृह सञ्चालन ।

(ख) **सम्झौता अवधिः**

(१) यो सम्झौता ..... मितिवाट प्रारम्भ भई ..... अवधिसम्म लागु हुनेछ ।

(२) आपसी सहमतिमा सम्झौता अवधि थप गर्न सकिनेछ ।

(ग) **पहिलो पक्षले निर्वाह गर्नु पर्ने दायित्व र जिम्मेवारीः**

(१) वडा नं ८ मा अवस्थित वीरेन्द्रनगर नगरपालिकाको स्वामित्वमा रहेको पर्खाल र कम्पाउण्ड सहितको सुरक्षित आवास गृहको भवन उपलब्ध गराउने ।

(२) पहिलो पक्षले उपलब्ध गराउनु पर्ने निश्चित बजेट बार्षिक रुपमा दोश्रो पक्षलाई उपलब्ध गराउने ।

(३) विभिन्न सरकारी गैर सरकारी संस्था अन्तराष्ट्रिय दातृ निकाय समक्ष सहयोगका लागि आवश्यक सिफारिस र पहल गर्ने ।

(४) नियमित अनुगमन र आवश्यक निर्देशन दिने ।

(५) आवश्यक अन्य सहयोग गर्ने ।

(६) सुरक्षित आवास गृह भवनको मर्मत सम्भार गर्ने ।

(घ) दोस्रो पक्षको दायित्व र जिम्मेवारी

(१) कार्यविधिको परिच्छेद २ दफा ६ मा उल्लेखित व्यवस्था बमोजिमको सुविधा सहित सुरक्षित आवास गृहको सञ्चालन र व्यवस्थापन गर्नुपर्ने।

(२) सुरक्षित, गोपनीय र आत्मीय पारिवारिक वातावरणको अनुभूति हुने गरी आवास सेवा उपलब्ध गराउनु पर्ने।

(३) सेवा लिने व्यक्तिको विवरण गोप्य राख्दै व्यक्तिगत दर्तादेखि व्यक्तिगत फाईल बन्दसम्मका सम्पूर्ण क्रियाकलापहरुको विवरण कार्यविधिमा उल्लेख भए बमोजिमको ढाँचामा अध्यावधिक गरी प्रत्येक दर्ता केशको छुट्टै फाईल खडा गरी राख्नु पर्नेछ।

(४) संस्थाले सेवा प्रवाह सम्बन्धी प्रगति विवरण कार्यविधिमा तोकिएको ढाँचामा मासिक सेवा प्रदायक साझेदार संघ संग चौमासिक र वार्षिक रुपमा तयार पारी समिति मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ।

(५) सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाको स्वीकृति लिई कुनै व्यक्ति, सरकारी, गैर सरकारी क्षेत्रका संघ संस्थाबाट जिन्सी वा नगद सहयोग प्राप्त गर्न सक्ने। सो को चौमासिक प्रगति प्रतिवेदन समिति मार्फत पालिकामा पेश गर्ने।

(६) जोखिममा परेका लक्षित वर्ग किशोरी तथा महिलाहरुको सीप विकास तथा क्षमता विकास तालिम सञ्चालन उद्यमशिलता विकास तथा जग्गा भाडामा लिई कृषि उत्पादन विक्रिबाट आय आर्जन गर्न सक्ने।

(७) सुरक्षित आवास गृहको रुपमा उपभोग गर्न उपलब्ध गराईएको घर जग्गा वा अन्य संरचनाको संरक्षण र सामान्य मर्मत सम्भार पानी विजुली टेलिफोन तथा ईन्टरनेट आदि जडान तथा महशुल भुक्तानी गर्ने।

(८) जोखिममा परेका व्यक्तिहरुको पालनपोषण, रेखदेख, सामान्य औषधी उपचार, मनोसामाजिक परामर्श, न्यायिक प्रतिरक्षा, घर परिवार समुदायमा पुनर्स्थापना, सीप विकास तथा आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने।

(९) विद्यालय जाने उमेरका बालबालिकाको हकमा औपचारिक शिक्षाको सुनिञ्चित, बालन्याय सुरक्षा सम्बन्धी व्यवस्था गर्ने।

(१०) प्राप्त सहयोगको लेखा राख्ने खर्चको विवरण व्यवस्थापन समिति मार्फत नगरपालिकामा पेश गरी छलफल गराउने र सोही व्यवस्थापन समिति मार्फत प्रतिवेदन र अन्य अभिलेख पेश गर्ने।

(११) सञ्चालन तथा व्यवस्थापन समितिले गरेका निर्णयको परिपालना गर्ने।

(१२) जोखिममा परेका हिंसा पिडित वा प्रभावितहरुलाई बढिमा ..... भित्र सम्भव भएसम्म घरपरिवार वा समुदायमा तथा अन्य सेवालयमा पुनर्स्थापना गरिसक्नु पर्नेछ। यो व्यवस्था विद्यालय जाने उमेरका बालबालिकालाई समेत लागु हुनेछ।

(ङ) सस्थाले गर्न नपाउने विषय: सेवा प्रदायक साझेदार संघ

(१) सहयोग माग गर्ने उद्देश्यले संरक्षणमा रहेका पीडित प्रभावित व्यक्तिको प्रचार प्रसार गर्ने

(२) बालश्रम गराउने

(३) कानूनले बन्देज लगाएको वा अन्य कार्य गर्ने

(च) अनुगमन र मुल्याङ्कन:

(१) पहिलो पक्षले समय अनुसार अनुगमन गर्नेछ।

(२) अनुगमन मुल्याङ्कनको प्रतिवेदनका आधारमा दोस्रो पक्षले सेवामा सुधार गर्नु पर्नेछ।

(छ) अन्य प्रावधान:

(१) विवादको समाधान: सम्झौताको अवधिमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी छलफल र सहमतिवाट समाधान गरिने छ।

(२) सम्झौता भंग: देहायको अवस्थामा सेवा सञ्चालन सम्बन्धी सम्झौताको अन्त्य भएको मानिने छ।

१. सम्झौताका कुनै पक्षले सम्झौताको शर्त उल्लंघन गरेमा।

२. सम्झौताको दोस्रो पक्षले सम्झौता बमोजिमको सेवा प्रवाहमा भएका कमजोरी उपर अनुगमन तथा मूल्याङ्कनवाट तीन पटक सम्म दिएको सुझावहरुको पालना नगरेमा।

३. आवास गृह सञ्चालनमा आर्थिक अनियमितता दुरुपयोग, दुर्व्यवहार आदि प्रमाणित भएमा।

४. सम्झौताका दुवै पक्षको आपसी सहमतिमा।

५. दोस्रो पक्ष कुनै कानूनी मुद्दा अपराधमा संलग्न भएको भनी अदातलमा मुद्दा दर्ता भएमा।

६. आपतकालिन वा असाधारण परिस्थिति जस्तै प्राकृतिक विपत्ति, सरकारको नीतिगत परिवर्तन आदि।

पहिलो पक्षको तर्फबाट:	दोस्रो पक्षको तर्फबाट:
हस्ताक्षर:	हस्ताक्षर:
नाम थर:	नाम थर:
पद:	पद:
छाप:	छाप:

अनुसूचि-१८

दफा २२ को उपदफा (१) संग सम्बन्धित

प्रतिवेदन फराम (GBVMIS)

प्रतिवेदन अवधि: पेश गरिएको निकाय: तयार पारिएको मिति:

१.	जवरजस्ती करणी:		०-५ वर्ष:
२.	यौन दुर्व्यवहार:		६-९ वर्ष:
३.	शारीरिक हिंसा/कुटपिट:		१०-१२ वर्ष:
४.	मानसिक दुर्व्यवहार:		१३-१८ वर्ष:
५.	स्रोत साधन, अवसर र सेवाबाट बञ्चित:		१९-२४ वर्ष:
६.	बहुविवाह:		२५-४९ वर्ष:
७.	जबरजस्ती बिवाह:		५० भन्दा माथि:
८.	बाल बिवाह:		
९.	बोक्सीको आरोप:		
जम्मा:			
१.	पुनर्मिलन गरिएको प्रभावितको संख्या:		
२.	दिर्घकालीन रुपमा पनस्र्थापित गरिएको प्रभावितको संख्या:		
३.	हाल सुरक्षित आवासमा रहेका पुराना प्रभावितको संख्या:		
४.	हाल सुरक्षित आवासमा रहेका नयाँ प्रभावितको संख्या:		
	व्यवस्थापकको कोड:	तयार पार्नेको नाम:	
		हस्ताक्षर:	

आज्ञाले

लक्ष्मी प्रसाद बास्कोटा

प्रमुख प्रशासकीय अधिकृत